NEPAL BANGLADESH BANK

"A" Class Financial Institution Licensed by Nepal Rastra Bank.

***Ref No.: NB:HO:Share(CS)(01):45/2077/078***

मिति : २०७७/०९/०३

**श्री नेपाल स्टक एक्सचेन्ज लि.,**
**सिंहदरबार प्लाजा, काठमाण्डौं ।**

बिषय : वार्षिक साधारणसभा तथा शेयर दाखिल खारेज बन्द (**Book Closure**) सम्बन्धमा ।

महोदय,

उपरोक्त सम्बन्धमा यस नेपाल बङ्गलादेश बैंक लिमिटेडको मिति २०७७/०९/०३ गते बसेको ३६२ औं सञ्चालक समितिको बैठकको निर्णयानुसार यस बैंकको छब्बिसौं वार्षिक साधारणसभा २०७७ साल पुस २६ गते आइतबारका दिन बैंकको रजिष्टर्ड कार्यालय, कमलादी काठमाण्डौंबाट हाल कोभिड-१९ को महामारीको जोखिमका कारण अनलाइन (Zoom Cloud Meetings) को माध्यमबाट भर्च्युअल रूपमा हुने भएको व्यहोरा जानकारीको लागि अनुरोध गर्दछौं । साथै छब्बिसौं वार्षिक साधारणसभा तथा बोनश शेयर एवं नगद लाभांश प्रयोजनको लागि मिति २०७७ पुस १० गते (एक दिन) बैंकको शेयर दाखिल खारेज (**Book Closure**) रोक्का राखिदिनुहुन अनुरोध गर्दछौं ।

वार्षिक साधारण सभा तथा प्रस्तावित बोनश शेयर र नगद लाभांश सम्बन्धि विवरण निम्न बमोजिम रहेको जानकारी गराउँदछौं :

१. बोनश शेयर: ६ प्रतिशतका दरले रु ५०,९७,४८,८५८ (अक्षरुपी पचास करोड सन्तान्नब्बे लाख अड्चालिस हजार आठ सय अन्ठाउन्न रुपियाँ मात्र) ।

२. नगद लाभांश: २.४२ प्रतिशत (लाभांशमा लाग्ने करसमेत गरी)का दरले रु २०,५६,८८,१३५ (अक्षरुपी बीस करोड छपन्न लाख अठासी हजार एक सय पैंतीस रुपियाँ मात्र) ।

३. शेयर दाखिल खारेज मिति (**Book Close date**) : २०७७ पुस १० गते (एक दिन)।

**४. वार्षिक साधारणसभा सम्बन्धी विवरण**

**सभा हुने मिति, समय तथा स्थान :**

मिति:- २०७७ साल पुस २६ गते, आइतबार । (तदअनुसार ११ जनवरी, २०२१)

समय:- बिहान ११.३० बजे,

स्थान:- बैंकको रजिष्टर्ड कार्यालय, कमलादी काठमाण्डौंबाट भर्च्युअल रूपमा अनलाइन (*Zoom Cloud Meetings*) को माध्यमबाट हुने ।

**छलफलको बिषय:**

**(क) सामान्य प्रस्ताव :**

१. आ.ब. २०७६/०७७ को सञ्चालक समितिको वार्षिक प्रतिवेदन छलफल गरी पारित गर्ने ।

२. यस बैंकको लेखापरीक्षण प्रतिवेदन सहितको आ.व. २०७६/०७७ को वार्षिक वित्तीय विवरणहरु (वासलात, नाफा/नोक्सान हिसाब, नगद-प्रवाहविवरण आदि) उपर छलफल गरी पारित गर्ने ।

३. यस बैंकका सहायक कम्पनीहरू नेपाल बंगलादेश क्यापिटल लिमिटेड र एनबीबीएल सेक्युरिटिज लिमिटेड सहितको आ.व. २०७६/०७७ को एकीकृत वार्षिक वित्तीय विवरण उपर छलफल गरी पारित गर्ने ।

४. आ.ब. २०७७/७८ को लेखापरीक्षण गर्नको लागि बैंकको लेखापरीक्षण समितिद्वारा सिफारिश गरिए बमोजिम लेखापरीक्षकलाई नियुक्ति गर्ने र निजको पारिश्रमिक तोक्ने । (*हालका लेखापरीक्षक श्री सुधिर कुमार शर्मा, S & S Associates, Chartered Accountants पुन: नियुक्तिका लागि योग्य रहनु भएको*)

**Head Office**
Kamaladi, Kathmandu, Nepal, P.O. Box : 9062, Phone : 4233780/ 81/ 82/ 83/ 84/ 85, Fax : 977-1-4233776, SWIFT : NPBBNPKA
www.nbbl.com.np

५. सञ्चालक समितिबाट प्रस्ताव गरे अनुसार आ.ब. २०७६/०७७ को मूनाफा रकमबाट २०७७ आषाढ मसान्तमा कायम रहेको चूक्ता पूँजीको २.४२ प्रतिशत (बोनस शेयर तथा नगद लाभांशमा लाग्ने कर समेत गरी) का दरले नगद लाभांश वितरण गर्न स्वीकृति प्रदान गर्ने ।

६. यस बैंकको मिति २०७७/३/२४ मा सम्पन्न ३५६ औं सञ्चालक समितिको बैठकले निर्णय गरे अनुसार यस बैंकका संस्थापक शेयरधनी श्री आईएफआईसी बैंकबाट प्रतिनिधि सञ्चालकका रूपमा मिति २०७४ मंसिर ३ गते भएको साधारण सभाबाट निर्वाचित हुनुभएका सञ्चालक/अध्यक्ष श्री जलाल अहमदको स्थानमा उहाँको बाँकी कार्यकालका लागि आईएफआईसी बैंकबाट मनोनित हुनुभएका श्री ए.आर.एम. नजमुस शकिबलाई यस बैंकको सञ्चालक/अध्यक्षमा नियुक्ति गरेको निर्णयलाई अनुमोदन गर्ने ।

**(ख) विशेष प्रस्ताव :**

१. सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम आ.ब. २०७६/०७७ को मूनाफा रकमबाट २०७७ आषाढ मसान्तमा कायम रहेको चूक्तापूँजीको ६ प्रतिशतका दरले बोनस शेयर जारी गर्ने र यसरी बोनस शेयर वितरण गर्दा कुनै शेयरधनीले पाउने बोनस शेयर खण्डिकृत हुन आएमा नपुग रकम सम्बन्धित शेयरधनीले पाउने नगद लभांशबाट कट्टा गरी विद्यमान पूँजी संरचना परिवर्तन नहुने गरी पूर्णकृत शेयर जारी गर्ने र सोही बमोजिम प्रबन्धपत्र तथा नियमावली संशोधन स्वीकृति प्रदान गर्ने ।

२. बैंकको प्रवन्धपत्र तथा नियमावलीमा समसामयिक संशोधन स्वीकृत गर्ने ।

३. प्रस्तावित संशोधनमा नियमनकारी निकाय (नेपाल राष्ट्र बैंक, कम्पनी रजिष्ट्रारको कार्यालय आदी) ले परिमार्जन/फेरबदल गर्न सुझाव वा निर्देशन दिएमा सो अनुरुप आवश्यक समायोजन गर्न सञ्चालक समितिलाई अधिकार प्रदान गर्ने ।

**(ग) विविध :**

१. यस बैंकको ३६१ औं सञ्चालक समितिको बैठकले निर्णय गरे बमोजिम बैंकको कुनै पनि सञ्चालक कोभिड-१९ को सङ्क्रमणबाट ग्रसित भई अस्पताल भर्ना हुने अवस्थामा निजको अस्पतालको वास्तविक बिल अनुसार उपचार खर्च उपलब्ध गराउने प्रस्ताव अनुमोदन गर्ने ।

२. अन्य (कुनै भएमा) ।

**भवदीय,**

विश्वप्रकाश पौडेल
कम्पनी सचिव

**बोधार्थ :**
**श्री नेपाल धितोपत्र बोर्ड, जावलाखेल ।**

**श्री सिडिएस एण्ड क्लियरिङ्ग लि., पुतलीसडक, काठमाडौं ।**

**श्री कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाडौं ।**